फोन : ५९७१३०१,५९७१३०७
वेवसाईट : https://ppmo.gov.np/
ईमेल : it@ppmo.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**सार्वजनिक खरिद अनुगमन कार्यालय**
(सूचना प्रविधि शाखा)

केसरमहल, काठमाडौं, नेपाल

प.सं : सू.प्र.-०८२/८३
च.नं. MIT/३५

मिति: २०८२।०४।०६

**बोलपत्रदाताको Login मा OTP लागु गरिने सम्बन्धी जरुरी सूचना !**

यस कार्यालयद्वारा सञ्चालनमा ल्याइएको विद्युतीय खरिद प्रणाली (e-GP System) मा बोलपत्रदाताबाट हुने क्रियाकलापहरुलाई थप सुरक्षित एवम् व्यवस्थित बनाउन मिति २०८२।०४।१४ गतेदेखि लागू हुने गरी बोलपत्रदाताले e-GP System मा Login गर्दा आफ्नो सही User र Password प्रणालीमा प्रविष्ट गरेपश्चात् प्रणालीमा दर्ता भएको प्रयोगकर्ताको ईमेलमा प्राप्त हुने OTP (One Time Password) प्रविष्ट गरिसकेपश्चात् मात्र Login गर्न मिल्ने गरी OTP लागू गर्न लागिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

यो व्यवस्था लागू भएपश्चात् ईमेलमा प्राप्त हुने OTP प्रविष्ट नगरेसम्म Login हुन सम्भव नहुने भएकाले प्रणालीमा दर्ता रहेको प्रयोगकर्ताको ईमेलमा कुनै समस्या (उदाहरणका लागि ईमेलको पासवर्ड आफ्नो साथमा नरहेको/विर्सिएको वा ईमेल सेवा भन्द भइसकेको वा ईमेलको Space Full भएको आदि) रहेको भए यो व्यवस्था लागू हुनु अगावै ईमेल आउने सुनिश्चितता हुने गरी आफ्नो ईमेललाई चुस्त र दुरुस्त राख्ने व्यवस्था गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

२०८२/०४/०६

(मदन कुमार सिंह)
कम्प्युटर ईन्जिनियर